# लुम्बिनी प्रदेश सरकार

## १४१ औं सचिव बैठकको निर्णय

२०८० चैत्र २७

१. प्रदेश सरकारबाट हालसम्म निर्माण भएका कानून एवम् प्रदेश सरकारको अधिकार क्षेत्रबमोजिम सेवा प्रवाह, विकास व्यवस्थापन, सुशासन र शासकीय प्रवन्धका लागि अविलम्व निर्माण गर्नुपर्ने आवश्यक कानूनहरु विषयमा छलफल गरियो।

२. सबै मन्त्रालयले चालु आर्थिक वर्षको नीति कार्यक्रम, वजेट र वार्षिक विकास कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीति र कानून अविलम्व निर्माण गरी कार्यान्वयनमा ल्याउने। प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गर्न आवश्यक भए सात दिन भित्र मस्यौदा गरी स्वीकृतिका लागि प्रस्ताव पेश गर्ने।

३. नेपालको संविधान, कार्यविस्तृतिकरण प्रतिवेदनबमोजिम प्रदेश सरकारका एकल अधिकार र संघीय कानूनको मापदण्ड बमोजिम प्रदेश सरकारबाट निर्माण गर्नुपर्ने ऐन कानूनहरु प्रदेश सभाको चालु अधिवेशनमा पेश गर्ने गरी अविलम्व मस्यौदा गरी स्वीकृतिका लागि प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने ।